*सम्वत् २०७९ सालको ऐन नं .:*

**<u>प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावना:</u>** प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ मा संशोधनः</u>** प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **<u>नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:</u>** प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्न तथा प्रशासकीय विषय नियमित गर्न आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।"

कर्णाली प्रदेश सभाको सम्वत् २०७८ साल चैत्र २१ गते बसेको बैठकद्वारा पारित यो विधेयक नेपालको संविधानको धारा २०१ (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

राज बहादुर शाही

सभामुख

कर्णाली प्रदेश